"समृद्ध बेनीघाट रोराङको आधारः कृषि, शिक्षा, स्वास्थ्य, उद्योग र पूर्वाधार"

# बेनीघाट रोराङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

विशालबजार, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र संख्या: ०८१/८२

चलानी नं.

**कृषि यन्त्रिकरण (५० % अनुदान ) कार्यक्रमको लागि आवेदन आव्हान सम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकाशित सूचना: २०८१/०६/१५ गते**

सूचना नं. ३

यस बेनीघाट रोराङ गाउँपालिकाको चालु आ.व.२०८१/८२ को बार्षिक स्वीकृत **"कृषि यन्त्रिकरण (५०% अनुदान)"** कार्यक्रम अन्तर्गत परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण तर्फ उन्मुख गराउन कार्यक्रम सञ्चालन गर्नु पर्ने हुदाँ यस गाउँपालिका भित्र स्थायी बसोवास गरेका इच्छुक कृषक/समूह/फर्म/सहकारीहरुले तोकिएको ढाँचा र आवश्यक कागजातहरु सहित तपसिलमा उल्लेखित कार्यक्रम माग गर्नको लागि यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (२०८१/०७/०५) गते भित्र सम्बन्धित वडा कार्यालय वा कृषि विकास शाखामा निवेदन पेस गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र सं | कार्यक्रमको नाम | विनियोजित बजेट | अनुदान | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि यन्त्रिकरण कार्यक्रम | ४,००,०००/- | ५०% र बाँकी ५० प्रतिशत कृषक स्वंयम्ले बेहोनुपर्ने छ। | कृषि कार्यमा प्रयोग गरिने साना मेशिनरी माग गर्न सकिने । |

**निवेदन साथ संलग्न आवश्यक कागजातहरु:**

१. निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
२. वडा कार्यालयको सिफारिस पत्र (कृषि लाभग्राहीले हाल कृषि गरेको क्षेत्रफल तथा उत्पादन समेत खुल्ने गरि),
३. कृषक समूह/ कृषि सहकारी संस्थाको हकमा यन्त्रिकरण माग सम्बन्धी बैठकको निर्णय (माइनुट) को प्रतिलिपि,
४. समूह/सहकारीको संस्था दर्ता प्रमाणपत्र, नवीकरण, कर चुक्ता, स्थाई लेखा नं प्रमाण पत्रको प्रतिलिप,
५. समान प्रकृतिका कार्यक्रमबाट पछिल्लो दुई वर्षमा कुनै पनि सरकारी निकायबाट अनुदान नलिएको स्व-घोषणापत्र,

**थप जानकारी**

कृषि विकास शाखा

फोन नं. ९८४७४३५४३५, ९८४६७६७३७६, ९८४३८३०४२७, ९८४६३१२४३२

पुनश्चः कृषि यन्त्रिकरण माग गर्ने लाभग्राहीको आवेदन उपर बजेटको सीमा भित्र रही आर्थिक र प्राविधिक मूल्याङ्कन गरी सम्बन्धित कृषक/समूह/फर्म/सहकारीलाई सोही बमोजिम जानकारी गराइनेछ।

नर्बदा घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

मिति:

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
वेनीघाट रोराङ गाउँपालिका,
विशालटार, धादिङ।

विषय: कार्यक्रममा समावेश गरीदिनुहुन।

महोदय,

प्रस्तुत विषयमा मिति २०८१/०६/१५ गते तहाँ कार्यालयबाट प्रकाशित सूचना कृषि यान्त्रिकरण (५० % अनुदान) कार्यक्रमका लागि दरखास्त माग भए बमोजिम तपसिल बमोजिमको विवरण खुलाई सूचनामा माग भए बमोजिमको आवश्यक कागजात राखी निवेदन पेस गर्दछु/गर्दछौं।

आवश्यक विवरण

कृषक/कृषक समूह/कृषि सहकारीको नाम

| |
|---|
| |

| क.सं. | मागं गरिएको कृषि यान्त्रिकरणको नाम | संख्या |
|---|---|---|
| | | |
| | | |

कृषक समूह/कृषि सहकारीको हकमा: ईच्छुक सदस्य/लाभग्राही संख्या

महिला [ ] पुरुष [ ] जम्मा [ ]

कृषि यान्त्रिकरणको उपयोग हुने क्रियाकलापहरु

| |
|---|
| |

कार्यक्रमको सम्भावित उपलब्धी

| |
|---|
| |

निवेदक

नाम — पद

ठेगाना — सम्पर्क नं

दस्तखत — संस्थाको छाप

# स्व- घोषणा पत्र

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
वेनीघाट रोराङ गाउँपालिका,
विशालटार, धादिङ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ...................... को सूचना अनुसार म/हामीले ........................................कार्यक्रममा प्रस्ताव पेस गरेको हुँदा तपसिलका बुँदाहरूमा प्रतिवद्धता व्यक्त गर्दछु/छौं। यदि यस स्व-घोषणामा केहि झूठ पाइएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौं।

तपसिलः

१. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन।
२. कुनै सरकारी निकायको कालोसूचीमा परेको छैन।
३. पछिल्लो दुई वर्षमा सोही प्रकृतिका कार्यक्रमहरू सञ्चालनका लागि कुनै सरकारी निकायबाट अनुदान प्राप्त गरेको छैन।
४. प्राप्त अनुदानको हानी-नोक्सानी हुने कुनै कार्य गर्ने छैन। हानी-नोक्सानी भएको ठहरिएमा कानून बमोजिम सजाय भोग्न तयार छु।
५. माथि उल्लेखित बुँदामा व्यक्त स्व-घोषणा झूठा सावित भएमा कानून बमोजिम सहुला/बुझाउला भनी सहीछाप गरिदिए/गरिदियौं।

निवेदक

नामः
ठेगानाः
पदः
सम्पर्क नं :
समूह/सहकारी/फर्मको नामः
सहि/छापः